नेपाल सरकार
# गृह मन्त्रालय
(सूचना प्रविधि शाखा)

फोन नं. ०१-४२११२०४
०१-४२१११७१
इमेल: - egov@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०७९/८०
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-२४४

मितिः२०८०/०१/१४

विषयः <u>राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (ICTDAY) मनाउने सम्बन्धमा।</u>

श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाडौं।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं।
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, सिंहदरबार, काठमाडौं।
श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग, सिंहदरबार, काठमाडौं।
श्री नेपाल प्रहरी, नक्साल, काठमाडौं।
श्री सशस्त्र प्रहरी बल नेपाल, हलचोक, काठमाडौं।
श्री जिल्ला प्रशासन कार्यालय, सबै।
श्री ईलाका प्रशासन कार्यालय, सबै।
श्री सीमा प्रशासन कार्यालय, सबै।
श्री जुद्ध बारुण यन्त्र, भक्तपुर।

उपरोक्त सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं. सा.सु./२१८५, मिति २०८०।०१।११ को पत्रबाट व्यहोरा अवगत गर्नु भई पत्रमा लेखी आए बमोजिम "<u>राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२३ भव्यताका साथ मनाऔं भन्ने सन्देश मिति २०८० बैशाख १७ देखि १९ गते सम्म प्रवाह गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने</u>" भन्ने निर्णय तहाँ तथा अन्तर्गतका निकायहरुमा कार्यान्वयन गर्ने गराउने व्यवस्था गरी "राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस,२०२३" लाई भव्य रुपमा मनाउने कार्यमा सहयोग गरिदिनु हुन आदेशानुसार अनुरोध छ।

२०८०/०१/१४

(दिवस कार्की)
कम्प्युटर ईञ्जिनियर

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## सिंहदरबार, काठमाडौँ

प.सं. :- ०७९/८०

च.नं. :- सा.सु./२१८५

मिति :- २०८०/०१/११

विषय: राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (ICT Day) मनाउने सम्बन्धमा ।

श्री गृह मन्त्रालय , सिंहदरबार, काठमाण्डौं

उपरोक्त सम्बन्धमा राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२३ भव्य रूपमा मनाउन यस मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा गठन भएको मूल समारोह समितिको मिति २०८०।०१।१० गते बसेको बैठकले राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२३ लाई ***"सुरक्षित सूचना प्रविधि, सुशासन र समृद्धि"*** भन्ने मूल नारा सहित भव्य रुपमामनाउने निर्णय गरेको व्यहोरा अनुरोध छ। साथै उक्त दिवसलाई भव्य रूपमा मनाउनका लागि गठन भएको प्रचार प्रसार उप समितिको मिति २०८०।०१।०४ को बैठकले **"सबै मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायहरू, प्रदेश तथा स्थानीय तहहरूको वेबसाइटको होमपेजमा *राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२३ भव्यताका साथ मनाऔं* भन्ने सन्देश मिति २०८० वैशाख १७ देखि १९ गतेसम्म प्रवाह गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने"** भन्ने निर्णय गरेको हुँदा तहाँ मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायहरूमा उक्त निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्था गरी राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२३ लाई भव्य रूपमा मनाउने कार्यमा सहयोग गरिदिनु हुन मिति २०८०।०१।०४ गतेको निर्णयानुसार अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sharoj Pokharel
sharoj.pokharel@nepal.gov.np

.....................................

(शरोज पोखरेल)
कम्प्युटर इन्जिनियर